दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३८ | अंक ०२ | बुटवल | २०८२ पौष १२ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday December 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## blgs nlDagl #*cfFj ifdf kjz, zesfdgf cfbfgkbfg



बुटवल। सिद्धार्थ पब्लिकेशन प्रालिद्वारा प्रकाशित निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक पत्रिका दैनिक लुम्बिनी ३८औँ वर्षमा प्रवेश गरेको छ। २०४५ सालबाट प्रकाशन सुरु भई नेपाल सरकारबाट निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत हुँदै आएको दैनिक लुम्बिनीले वार्षिकोत्सवका अवसरमा केक काटेर शुभकामना आदान-प्रदान गरेको छ। कार्यक्रममा सिद्धार्थ पब्लिकेशन प्रालिका अध्यक्ष मोहन चापागाईंले पत्रिकालाई अहिलेको अवस्थासम्म ल्याउन सहयोग गर्ने सबैलाई आभार प्रकट गर्दै पत्रिकासँगै अनलाइन संस्करण लुम्बिनी पत्रिका डटकममार्फत् भिडियोसहित समाचार सम्प्रेषणमा अझै परिमार्जित भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

संस्थापक सम्पादक कर्णबहादुर कार्कीसहित अग्रजहरूको योगदान स्मरण गर्दै चापागाईंले बदलिँदो परिवेशमा पनि सत्य, तथ्य र जिम्मेवार पत्रकारितालाई निरन्तरता दिन पाठक, विज्ञापनदाता तथा शुभेच्छुकहरूको सहयोग अपरिहार्य रहेको बताए।

सो अवसरमा सल्लाहकार एमबी विश्वकर्मा, सम्पादक शेरबहादुर केसी, प्रबन्ध सञ्चालक महेश रिजाल, सह-सम्पादक टिआर शर्मा, अनलाइन संयोजक प्रदीप आचार्यलगायतले लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै जनपक्षीय पत्रकारितामा खरो उत्रने प्रतिबद्धता व्यक्त गरेका थिए। सो अवसरमा पत्रिकाका सञ्चालक, सम्पादकीय टिम तथा कर्मचारीहरूबिच शुभकामना आदान प्रदान भएको थियो।

## रवि–बालेन सहमति आज हुनसक्ने





बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहबिच शुक्रबार हुने भनिएको सम्झौता रोकिएको छ।

मेयर बालेन्द्र साहको व्यवस्ताले गर्दा सहमतिपत्रलाई अन्तिम रुप दिन नभ्याइएको स्रोतले बतायो । सहमतिको मस्यौदा तयार गर्न शुक्रबार दिनभरि नै दुई पक्षका वार्ताकारहरु सक्रिय थिए। तर, मेयर साह महानगरपालिकाको नगरसभामा व्यस्त रहे।

वार्ताकारहरुले रास्वपा सभापति लामिछानेलाई भेटेर सहमतिपत्रको मस्यौदामा छलफल गरेका थिए। तर, बालेनसँग भने अन्तिम छलफल भइसकेको छैन।

दुई पक्षबिच धेरै विषयवस्तुमा सहमति जुटिसकेको छ। आज शनिबार निर्णायक छलफल भएर सहमतिपत्रमा हस्ताक्षर गर्ने तयारी छ। स्रोतका अनुसार पार्टी सभापतिमा रवि र आसन्न चुनावपछिको प्रधानमन्त्री बालेन हुनेमा दुबैजनाबिच सहमति जुटेको छ।

# पर्यटन विकासका लागि नीतिगत सुधार अपरिहार्य




**लुम्बिनी संवाददाता**
*बुटवल*

पर्यटनको नीतिगत सुधारका साथै बजेटको सही प्रयोग गर्नुपर्ने सो क्षेत्रका विज्ञ तथा सरोकारवाला निकायले सुझाव दिएका छन्। उनीहरुले लुम्बिनी प्रदेशका पर्यटकीय स्थलहरुबिचको सहज पहुँच बनाउनुपर्ने, धार्मिक स्थानहरु सोही खालका पर्यटकीय वातावरण बनाउन आग्रह गरेका छन्।

रुपन्देही उद्योग संघले संचालन गरेको १६औं औद्योगिक प्रदर्शनीको अवसरमा आयोजित पर्यटकीय प्रवेशद्वार र पूर्वाधार लुम्बिनी समृद्धिको आधार विषयक पर्यटन बहसमा सहभागीहरुले यस्तो सुझाव दिएका हुन्।

उनीहरुले पर्यटकीय संघसंस्थाहरुबिच समन्वय र सहकार्यको वातावरण बनाउन सुझाव, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पर्यटकीय अभियान तथा टुर प्याकेज सञ्चालन गर्न, भारतीय पर्यटकहरुको सम्मानपूर्व व्यवहार गर्न सुझाव दिएका छन्।

सहभागी अधिकांशले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि सरकारसँगै निजी क्षेत्र पनि थप अग्रसर हुनुपर्ने आग्रह गरेका छन्। लुम्बिनीमा आएका पर्यटक किन प्रदेशका अरु जिल्लामा जान सकेनन् र लुम्बिनीमै पनि किन रात बिताउन सकेनन् ? मायादेवी मन्दिरबाहेक अन्य स्थानमा जान सकेनन्। पूर्वाधारसहित निजी क्षेत्रको पनि ठूलो लगानी भए पनि पर्यटक किन बढ्न सकेनन्।

उद्योग संघले समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार भन्ने मूल नाराका साथ बुटवलमा १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ मा यो विषय केन्द्रीत गरेर छलफल गराएको हो। छलफलमा नियामक निकायका तर्फबाट पर्यटन विकास परिषद्, लामो समयदेखि यो क्षेत्रको प्रवर्द्धनमा लेखेका अध्येता, लेखक तथा पत्रकार, पर्यटन व्यवसायी, पर्यटन विधामा अध्यापन गर्ने कलेजका अध्यापक तथा विद्यार्थी तथा विभिन्न सघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

कार्यक्रममा लुम्बिनी पर्यटन विकास परिषद् लुम्बिनी अध्यक्ष रामु जोशीले धार्मिक र पर्यटन क्षेत्र छुट्टाएर योजना बनाएको बताउँदै लुम्बिनीको पर्यटनको क्षेत्रमा धेरै महत्वपूर्ण काम गरेको बताए। 'प्रदेशले नीति बनाइरहेको, होम स्टेमा संस्कृति संरक्षणका कार्यक्रम र प्रवर्द्धन गर्ने योजना बनाएको छ, खासगरी लुम्बिनी, बर्दिया राष्ट्रिय निकुन्ज र पाल्पालाई हिलस्टेशनका रुपमा अघि सार्ने योजना बनाएका छौं।'-उनले भने। उनले व्यवसायीहरुलाई प्रविधिको प्रयोग गरेर पनि धेरै पर्यटक आउने भएकाले यसमा पनि व्यवसायीले ध्यान दिन सुझाए।

'प्रदेशबाट गन्तव्य पहिचान गरेका छौं, ६३० वटा गन्तव्य लक्षित गरेर योजना बनेका छन्, तर रकम अभावमा ठूला काम हुन सकेका छैनन्,' उनले भने-'धेरै ठाउँमा संरचना बनेको तर त्यसको परिचयसहितको सजावट नभएको पर्यटकले भनेका छन्, पाल्पा र गुल्मीमा भारतीय पर्यटकको चाप बढी तर भारतीय पर्यटक धेरै भेज हुने भएकाले व्यवसायीले ध्यान दिनुपर्ने छ। प्यूठानको स्वर्गद्वारी त्यसै प्रकारको अर्को महत्वपूर्ण गन्तव्य हो।'

उनले पर्यटन क्षेत्रमा धेरै संभावना रहेको बताउँदै धेरै पर्यटक संस्कृति हेर्न आएकाले व्यवसायीले यसमा ध्यान दिन आग्रह गरे। 'लुम्बिनीमा आउने धेरै वस्तु चीनबाट आइरहेकोले त्यसको आधारमा यहाँ उद्यमीको केन्द्रीकृत योजना बनाउनुपर्छ। यसमा पनि ध्यान जानुपर्छ।'-उनले भने।

पर्यटन क्षेत्रका अध्येता डा.गितु गिरीले यो क्षेत्रमा ठूलो लगानी भए पनि कनेक्टिभिटी नभएकाले यसमा ध्यान दिन आग्रह गरे। 'अरबौं लगानी गरेर संरचना बनायौं तर कनेक्टिभिटी नभएकाले त्यो चलायमान बनाउन सकिएन, निजी क्षेत्रले पनि योजनाबद्ध काम भएनन्, लुम्बिनीकै विकासलाई बलियो बनाउन सकेनौं। दस्ताबेज मात्रै बनाउन भएन, प्रेसरका रुपले लैजाऔं,' उनले भने-'छिमेकी मुलुकका पर्यटकलाई पनि अन्य देशहरुका पर्यटकलाई जस्तै सम्मान गरौं त्यसको सन्देश राम्रो जान्छ। ४० वर्षदेखि म यो क्षेत्रमा अनुसन्धानको काम गरिरहेको छु, कनेक्टिभिटीमा लैजाने अभियान सुरुवातीबाट भएन, सरकारको पोलिसी बन्न सकेन, बनेका पनि कार्यान्वयन भएन, लुम्बिनीमा रहेका ४२ भन्दा धेरै सम्पदा छन् पर्यटकलाई त्यो दिन सकेनौं, बलियो स्टोरी दिन सकेनौं।'

» बाँकी ३ पेजमा

# रूपन्देहीबाट २०१ जनाको उद्धार



**मोहम्मद हबिब**
*भैरहवा*

महिला तथा बालबालिकाको बेचबिखनमा अधिकांसश आफन्तकै संलगनता रहेको पाइने गरेको छ। चेलिबेटी बेचबिखन अन्त्य गर्नका लागि र बाह्य मुलुकमा अप्ठ्यारोमा परेकाहरुलाई स्वदेश फर्काउने र पुनर्स्थापनाका क्षेत्रमा काम गर्दै आएको माइती नेपालले मनाव बेचिबिखनको घटना केलाउदा सबैभन्दा पहिला पीडितको परिवार, आफन्त र चिनेजानेका व्यक्तिकै माध्यमबाट हुने गरेको पाइएको जनाएको छ।

अहिले समाजमा यी घटना पनि नया-नयाँ शैलीले हुन जस्का लागि उद्धार गर्न चुनौतीपूर्ण हुने गरेको छ। समयअनुसार शैली पनि परिवर्तन हुँदै गर्दा मानव बेचबिखनविरुद्ध काम गर्ने निकायलाई उद्धार गर्न समस्या हुने गरेको छ। उद्धार भएपनि घटनामा संलगनलाई कानुनी दायरामा ल्याउन पीडित पक्षले नै इन्कार गर्ने गरेका छन्। धेरै जसो नातेदारले लैजाने र पछि सम्पर्कमा पनि नहुने भएकोले कानुनी कारबाहीमा चुनौती थपिएको छ। पीडितहरुको अनुसन्धान गर्दा सुरुमै आफ्नै मान्छे पर्ने भएकोले मुद्दा मामिलामा जान नखोज्ने धेरै घटनाहरु रहेको माइती नेपाल, रुपन्देही कार्यक्रम संयोजक माया क्षेत्रीले बताइन्।

माइती नेपालले जनचेतना अभाव, लैंगिक विभेद, घरेलु हिंसा, धार्मिक तथा सामाजिक कुरिती, रोजगारीको अभाव, बसाईसराइ र अवैध ओसारपसार, समन्वय र सहकार्य, कानुनको कार्यान्वयनय नहुनु, नेपालका विभिन्न भागहरुबाट धेरै महिलाहरु भारतिय नाका हुँदै खाडी मुलुकतर्फ जाने प्रवृत्ति बढ्दो हुनुले मानव बेचबिखन, ओसारपसार र हिंसाको घटना हुने गरेको कार्यालयको तथ्याङ्क छ।

चेलिबेटी बेचबिखनलाई अन्त्य गर्ने अठोटका साथ २०४९ मा स्थापित माइती नेपालले रुपन्देहीबाट निरन्तर बेचिने खतारामा रहेका चेलीहरुलाई जनचेतना फैलाउने, बेचिएका चेलीहरुलाई उद्धार गरेर स्वदेश फर्काउने र उनीहरुको पुनर्स्थापना गर्ने कार्य गरे पनि एक वर्षमा सिमानाकाबाट २०१ जनालाई उद्धार गरिएको छ।

रुपन्देहीमा उद्धार गरिएको मध्ये अधिकांश नेपाल-भारतमैत्री बसबाट फेला पर्ने गरेको पाइएको माइती नेपालको तथ्याङ्कमा छ। यताबाट सहजै रुपमा गनतव्यमा पुग्ने भएकोले भरियाहरुले यस्को प्रयोग बढाएको पाइएको छ। रुपन्देहीको सीमा नाका हुँदै भारततर्फ जाने अधिकांश चेलीबेटीहरुमध्ये अधिकांश मानव बेचबिखन तथा ओसार पसारको समस्यामा १८-२५ वर्ष उमेर समूहका बढी रहेको पाइएको छ। उद्धार संख्यामध्ये ७२जना १८ वर्ष भन्दा मुनिका रहेका छन्।

माइती नेपाल, रुपन्देहीले वार्षिक प्रगती सार्वजनिक गर्दै चालू वर्ष सन् २०२५ मा वर्षमा भारतका विभिन्न ठाउँबाट ३ जनाको उद्दार गरेको संयोजक क्षेत्रीले बताइन्। सीमामा राखिएको परामर्श केन्द्रबाट १२ हजार ८ सय ९५ जनालाई परामर्श सेवा, जिल्ला प्रशासनको परामर्श केन्द्रबाट १ हजार १९ जनालाई परामर्श प्रदान गरिएको बताइन। एक वर्षमा ७ हजार ४ सय ९० थान प्रर्चा पम्प्लेट वितरण गरिएको छ। खोजतलास सम्वन्धी २४ जनाको निवेदन परेकोमा १२ जना फेला परेका छन्। घरेलु हिंसासम्बन्धी १० जनाको निवेदन परेको र यस वर्ष २ हजार ७ सय ९७ वटा सार्वजनिक यातायात सेवालाई चेकजाँच गरिएको उनले जनाइन्।

क्षेत्रीले रुपन्देहीबाट पनि भारत जाने चेलीबेटीहरुको उल्लेख्य संख्यामा उद्दार गरिएको उनले बताइन्। एक वर्षको दौरान सीमाबाट ४६ जनालाई घर फर्काइएको छ।

» बाँकी ३ पेजमा



२०८२ पौष १२ गते, शनिबार
Saturday December 27, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी



**दुधे बच्चालाई डोकोमा सुताएर अल्लोको धागो कात्दै गरेकी महिलाः**
दाङको घोराही उप-महानगरपालिका-१८ स्थित ढोडेनीमा छ महिनाको दुधे बच्चालाई डोकोमा सुताएर घरेलु चर्खामा अल्लोको धागो कात्दै गरेकी रुकुमपूर्व कात्रीकी स्थानीय विष्णु बिक । तस्विर : कुलदीप न्यौपाने/रासस

# रेसुङ्गाको होटल पौवासँगको सम्झौता अदालतबाट बदर

**प्रेम सुनार**
*गुल्मी*

गुल्मीको रेसुङ्गा संरक्षित वन क्षेत्रभित्र होटल सञ्चालन गर्न रेसुङ्गा नगरपालिका र होटल पौवा प्रालिबीच भएको सम्झौता गैरकानुनी भएको भन्दै सर्वोच्च अदालतले उत्प्रेषणको आदेशले बदर गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय कुमार रेग्मी र शारङ्गा सुवेदीको इजलासले नगरपालिका र होटल पौवाबीच २०७६ कात्तिक १ गते भएको सम्झौता नै अवैध रहेको फैसला गरेको हो । फैसलामा 'धर्मशालाको संरचना संशोधन गरी अन्तरराष्ट्रियस्तरको रिसोर्ट निर्माण गर्नेगरी भएको सम्झौता र सो सम्झौताबमोजिम भए गरेका कामकारबाही गैरकानुनी' भएको उल्लेख छ ।

आदेशमा भनिएको छ-'रेसुङ्गा संरक्षित वन, महापोखरी तथा सो क्षेत्रको वातावरणीय तथा पर्यावरणीय महत्व नखल्बलिने तथा धार्मिक सामाजिक तथा पुरातात्विक महत्वमा असर नपर्नेगरी परम्परागत शैलीको गैरव्यवसायिक तथा गैरनाफामूलक धार्मिक धर्मशाला निर्माण गर्न नगरपालिकाले पहल गर्न सक्नेछ ।'

होटल निर्माण भएपछि रेसुङ्गा वन क्षेत्रका महापोखरी, भोला मन्दिर, शिवालय पशुपतिनाथ मन्दिर र होमखाडी तथा शशिधर स्वामीको तपस्थल क्षेत्र प्रदूषित र विनाशको अवस्थामा पुगेको रिट निवेदक गुल्मी मुसिकोटका देवीप्रसाद रिजालले बताए । यही क्षेत्रमा सानो रेसुङ्गा, गरुडथान, रामकुण्ड, यज्ञशाला परिसर, सिद्धथान, विष्णुपादुका र शिवालय, प्रभु ठाकुरप्रसादको आश्रम (मैरा, चौतारा, साउने मठ छन् । रेसुङ्गा वन क्षेत्रभित्र व्यावसायिक होटल पौवा सञ्चालन गरेपछि स्थानीय धार्मिक गतिविधिमा नकारात्मक असर परेको भन्दै गुल्मीका देवीप्रसाद रिजाल, विष्णुप्रसाद अर्याल र अजित भण्डारीले सर्वोच्च अदालतमा गत चैत ६ गते रिट दर्ता गरेका थिए ।

निवेदनमा रेसुङ्गा नगरपालिका, नगरप्रमुख, होटल पौवा, स्थानीय निकायहरु, पुरातत्व विभाग, वन मन्त्रालय, संस्कृति मन्त्रालय, लुम्बिनी प्रदेश समेतलाई विपक्षी बनाइएको निवेदक अजित भण्डारीले बताए ।

रेसुङ्गा संरक्षित वन क्षेत्रभित्र पुरातात्विक र ऐतिहासिक महत्वको स्वामी शशिधरको कुटी रहेको छ । गुल्मीको यस पवित्र धाममा स्थानीयवासीको सहमतिमा धर्मशाला निर्माण गर्ने भनिए पनि रेसुङ्गा नगरपालिकाले त्यसविपरीत त्यहाँ होटल खोल्न होटल पौवा प्राइभेट लिमिटेडसँग सम्झौता गरेको आरोप छ । यसबाट त्यहाँको कुण्ड र धार्मिक कार्यमा असर परेको स्थानीयको भनाइ छ । यसअघि, जिल्ला विकास समितिले २०७२ असार ८ गते रेसुङ्गाको धार्मिक वनभित्र रहेको स्वामी शशिधरको कुटी क्षेत्रमा धर्मशाला निर्माण गर्न सहमति दिएको थियो, तर नगरपालिकाले त्यसविपरीत होटल भाडामा सञ्चालन गर्न जमिन दिएपछि विवाद उत्पन्न भएको हो । वन तथा वातावरण मन्त्रालयको अभिलेखमा हाल होटल सञ्चालन भएको स्थान 'राष्ट्रिय वन'अन्तर्गत 'रेसुङ्गा धार्मिक वन' क्षेत्र हो भन्ने उल्लेख छ। विसं २०७४ मा राजपत्रमा 'रेसुङ्गा संरक्षित वन' का रुपमा सूचना प्रकाशन भएको थियो । मन्त्रालयले सर्वोच्च अदालतमा दिएको जवाफमा पनि 'हाल नगरपालिकाले महापोखरी क्षेत्रको आडमा रहेको ३० रोपनी राष्ट्रिय वन क्षेत्रमा होटल पौवालाई व्यापार व्यवसाय सञ्चालन गर्न गरिएको सम्झौता र दिने काम गैरकानुनी रहेको' उल्लेख गरेको छ ।

डिभिजन वन कार्यालय, गुल्मीले पनि सङ्घीय कानुनको पालना नभई नगरपालिकाले जबर्जस्ती हक हस्तान्तरण गर्न खोजेको बताएको छ ।

सर्वोच्चमा होटल पौवा प्रालिले पेस गरेको लिखित जवाफमा 'रेसुङ्गा नगरपालिकाले अलपत्र अवस्थामा रहेको धर्मशाला निर्माणको बाँकी काम गर्न सार्वजनिक सूचना प्रकाशन गरेको, त्यस सूचनामा आफूहरु सहभागी भएको तथा उक्त क्षेत्रको धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक महत्वमा कुनै असर नपार्ने गरी धर्मशाला सञ्चालनको सम्झौता गरेको' दाबी गरेको छ ।

होटल पौवाको यस दाबीमा कुनै सत्यता नरहेको र होटलका कारण धार्मिक कार्यमा असर पारिरहेको समाजसेवी कृष्णबहादुर कुँवरको भनाइ छ ।

सर्वोच्च अदालतले गत वर्ष चैतमा आदेश दिए पनि होटल पौवासँगको सम्झौता खारेज नगरेपछि रिट निवेदकले सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयमा निवेदन दिएका थिए । यही आधारमा निर्देशनालयले यही मङ्सिर १४ गते रेसुङ्गा नगरप्रमुख समेतका नेपाल सरकारका दिएको छ ।

रिट निवेदक मध्येका देवीप्रसाद रिजालले सर्वोच्चको आदेश कार्यान्वयन नभए आफूहरु अदालतको आदेशको मानहानिमा पुनःसर्वोच्च अदालत जाने तयारीमा रहेको बताए ।

# ४७ वर्षपछि विद्यालयको पहिलो वार्षिकोत्सव



भैरहवा । सिद्धार्थनगर-१० मा अवस्थित श्री सूर्यदेव माध्यमिक विद्यालयले पहिलो पटक वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ ।

विद्यालय स्थापना भएको ४७ वर्षको अवसरमा सिद्धार्थनगर नगरपालिकाका उप-प्रमुख उमा अधिकारीको प्रमुख आतिथ्यतामा ४७औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाइएको हो ।

सो अवसरमा बोल्दै प्रमुख अतिथि उमा अधिकारीले विद्यार्थीहरुमा शिक्षा र सिप भए जस्तो अवस्थामा पनि लड्न सक्ने बताइन । विद्यालयको पर्वको रुपमा रहने वार्षिकोत्सव पहिलो पटक मनाएर ऐतिहासिक कार्य अहिले टिमले गरेकोमा धन्यवाद दिँदै आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने बताइन । उनले विद्यालयको समग्र विकासमा योगदान दिँदै आएको बताउँदै यस क्षेत्रको विकासका लागि सधैँ तयार रहेको बताइन् ।

विद्यालयका प्रधानाध्यापक भरत गिरी गोसाईले विद्यालयको हालको अवस्था, प्रगति र योजनाबारे जानकारी दिँदै छोटो समयमा उल्लेखीय प्रगति हासिल गर्न सबै टिमको सहयोग रहेको बताए ।

विद्यालयले स्थापना दिवसको अवसरमा शैक्षिक क्षेत्रमा उत्कृष्ट विद्यार्थी, अतिरिक्त क्रियाकलापमा उत्कृष्ट र विजेता विद्यार्थीहरुलाई सम्मान गरेको थियो ।

शिक्षक मञ्जु कुँवरको स्वागत, विद्यालय व्यवस्थापन समितका अध्यक्ष हरिद्वारप्रसाद जयसवालको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि १० नं. वडा सदस्य कपिलदेव गिरी गोसाई, यस क्षेत्रका विभिन्न विद्यालयका प्रअहरु, पूर्व शिक्षक तथा विद्यार्थीहरुले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन शिक्षक गंगालाल जैशीले गरेका थिए ।

# कृषक समूहमार्फत् ९० लाखको सुन्तला बिक्री



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाका सुन्तला उत्पादक कृषकहरुको एक समूहले एकैसिजनमा झण्डै ९० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेको छ । जिल्लाको पुतलीबजार नगरपालिका-७ ठूलाडिहीस्थित अर्बकुना सुन्तला उत्पादन कृषक समूहले सुन्तला बिक्री गरेर यस वर्षमै करिब ९० लाख रुपैयाँ भित्र्याउन सफल भएका छन् ।

विगतका वर्षमा कोदो, मकै र गहुँ खेती गर्ने खेतीबारीमा नगदेबालीका रूपमा सुन्तला खेती गरेसँगै कृषकहरुले आम्दानी बढाएका हुन् । अर्बकुना सुन्तला उत्पादक समूहमा आबद्ध झण्डै ३५ कृषकले एक लाखदेखि १५ लाख रुपैयाँसम्म नगद आम्दानी लिन सफल भएका छन् । सुन्तला खेतीबाट समूहका सदस्यले पछिल्लो समय राम्रो आम्दानी लिएको समूहले जनाएको छ ।

'समूहमा आबद्ध कृषकले सुन्तला बिक्रीबाट न्यूनतम एक लाखदेखि १५ लाखसम्म आम्दानी गरेका छन्,' समूहका अध्यक्ष यामबहादुर सेनले भने-'कोदो, मकै र गहुँ खेतीबाट घरपरिवार धान्नै धौधौ भएको समयमा वैकल्पिक सुन्तला खेतीबाट कृषकको राम्रो आम्दानी भएको छ ।' गाउँका प्रत्येक घरले नगदेबाली सुन्तला खेती गरेसँगै राम्रो आम्दानी लिदै आएको अध्यक्ष सेनले जनाए ।

गाउँका सबै घरधुरीलाई समूहमा आबद्ध बनाएर सुन्तला खेती विस्तारमा केन्द्रित गरिएको छ । सुन्तला खेती विस्तार गरेसँगै आउँदा वर्षमा उत्पादन बढ्दै जाँदा कृषकको आम्दानीमा समेत वृद्धि हुँदै जाने विश्वास गरिएको समूहले जनाएको छ । सुन्तलाका पुराना करिब एकतिहाई बोटले उत्पादन दिँदै आएकोमा पछिल्ला केही वर्षदेखि थपिएका नयाँ बिरुवाले उत्पादन दिन थालेपछि प्रत्येक सदस्यले थोरैमा लाखौं र समूहमार्फत् डेढ करोड रुपैयाँ कमाउने अपेक्षा गरिएको छ ।

कृषकद्वारा उत्पादित कतिपय सुन्तला बोटबाटै बिक्री हुँदै आएको भने समूहमार्फत् बिक्री हुने सुन्तला जिल्ला बाहिर निकासी हुँदै आएको छ । एकमुष्ठ धेरै सुन्तला खरिदका लागि बगैंचामै आउने व्यापारीलाई कृषकले ठेक्कमा बिक्री गर्ने गरेका छन् । कृषकले सुन्तलाको बोट र उत्पादनको आधारमा व्यापारीसित बोलकबोलमा मूल्य निर्धारण गर्दै आएको समूहका सचिव टोपबहादु भुजेलले बताए ।

प्रतिकिलो ६० देखि ७० रुपैयाँका दरले व्यापारीलाई सुन्तला बिक्री गरेको स्थानीय कृषकले जनाएका छन् । सुन्तलाको बिक्री वितरण र आम्दानीको हिसाबकिताब समूहमार्फत् गरिँदै आएको छ । सामूहिक रूपमा बस्ने बैठकले बजारीकरण र मूल्य निर्धारण गरिन्छ भने बगैंचा व्यवस्थापन र आपतकालिन समस्या र समाधानका विषयमा छलफलबाटै सामूहिक समाधानको विकल्प खोजिने गरेको समूहका सचिव भुजेलले जनाए ।

जिल्लामा सुन्तला उत्पादनको सम्भावना र विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइ सुन्तला सुपरजोन सञ्चालनमा छ । आर्थिक वर्ष २०७३/०७४ बाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला जोनबाट सुपरजोनमा रुपान्तरण भएसँगै सुन्तलाको बगैंचा विस्तारलाई तीव्रता दिइएको छ । स्वादिष्ट र गुणस्तरीय सुन्तला उत्पादनका दृष्टिले स्याङ्जाको छुट्टै पहिचान बन्दै गएको छ ।

# स्कलर्सको ३४औं स्थापना दिवस

बुटवल । स्कलर्स होम सेकेण्डरी स्कुलको ३४औं स्थापना दिवस शुक्रबार विविध कार्यक्रम गरि मनाएको छ । विद्यालयको सि ब्लकमा भएको कार्यक्रमको एक समारोहकाबिच लुम्बिनी प्रदेश पूर्व स्वास्थ्यमन्त्री विष्णु पन्थीले उद्घाटन गर्दै विद्यार्थीहरुको शैक्षिक विकासमा निजी विद्यालयहरुको भूमिका महत्वपूर्ण भएको बताए । उनले विद्यालय, शिक्षकमात्र नभई अभिभावकको पनि उत्तिकै योगदान रहने उदाहरण दिए ।

वार्षिक पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा विद्यार्थीहरुले नृत्य, कला तथा विविध रचनात्मक प्रस्तुति दिएका थिए ।

कार्यक्रममा विद्यालयका प्राचार्य बाबुराम बञ्जाडेले शिक्षा र खेल गतिविधिमा स्कलर्स उत्कृष्ट विद्यालयको पहिचान बनाउन सफल रहेको बताए । सैद्धान्तिक र व्यवहारिक ज्ञान दिन आफूहरु सफल रहेको उनले बताए । विद्यालय शिक्षा विधेयकको विषयमा सरकारबाट निजी विद्यालयको हकहितमा हुन गरी बनाउन उनले सुझाव दिए । विद्यार्थीहरुको भविष्यप्रति चिन्तनका साथ अभिभावकहरुसँग अन्तरक्रिया र छलफल गर्दै अघि बढेको उनले बताए । निजी लगानीमै एकेडेमी सञ्चालन गरेर खेलाडी उत्पादन गर्दै आएको उनले बताए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनहरि बश्यालले लामो इतिहास बोकेको विद्यालयको अहिलेसम्म आइपुग्दा हासिल गरेका उपलब्धिका बारेमा बताए ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष प्रदिपकुमार श्रेष्ठले वडाभित्र एकमात्र निजी विद्यालय गौरवका रुपमा शिक्षा दिन सफल भएको बताए ।

कार्यक्रममा जागरण टोल विकास संस्थाका अध्यक्ष मञ्जु कुँवर, सल्लाहकार गोपाल न्यौपाने, लंक बस्नेत, उप-प्राचार्य टिकाराम गौतम, लेखा तथा प्रशासन शाखा प्रमुख लोक भण्डारीले बताए ।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

# गड्यौलाको मल बिक्रीबाट २५ लाखसम्म आम्दानी



दाङ। तुलसीपुर उपमहानगरपालिका-३ भट्टेका कर्णबहादुर वलीले गड्यौला र गड्यौलाले मल उत्पादनबाट वार्षिक रु २२ देखि २५ लाखसम्म आम्दानी गर्दै आएका छन् । उनले गड्यौलाले मल बिक्री गरी मनग्य आम्दानी गर्न सफल भएका छन् । राष्ट्रिय अनुसन्धान कार्यालयमा २८ वर्षसम्म विभिन्न पदमा सेवा गरी स्वेच्छिक अवकाश लिएका वली अहिले गड्यौलापालक किसानका रूपमा स्थापित भएका छन् ।

विसं २०७९ मा ४० किलो गड्यौला कपिलवस्तुबाट ल्याएर व्यावसायिक पालन सुरु गरेका उनले जिल्लास्थित कृषि ज्ञानकेन्द्र घोराहीले आर्थिक वर्ष २०७९/८० सञ्चालन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत भट्टे सहकारी संस्थालाई तरकारीखेती गर्नका लागि बजेट प्राप्त भएपछि अर्गानिक उत्पादनको मार्ग खोज्न थालेको बताए ।

"माटोमा सुधार ल्याउन र नागरिकलाई अर्गानिक खेतीमा आकर्षित गराउन प्राङ्गारिक मलको खोजी गर्न थाल्यौँ । जिल्लामा त्यास्तो प्रयोग कतै नभेटिएपछि कपिलवस्तुबाट तीन हजार क्विन्टल गड्यौलाको मल ल्याएर तरकारीखेती सुरु गर्यौँ", वलीले भने-"यसरी खेती गर्दा उत्पादन राम्रो भयो अनि आफू पनि गड्यौलापालनतर्फ आकर्षित भएको हुँ ।"

अहिले वार्षिक रूपमा सात सय क्विन्टल मल र १२-१३ क्विन्टलसम्म गड्यौला बिक्री भइरहेको वलीले जानकारी दिए। उनका अनुसार मल प्रतिक्विन्टल रु तीन हजार र गड्यौला प्रतिकिलो रु एक हजार २५० का दरले बिक्री भएरहेको छ।

गड्यौला दाङ, रुकुम, रोल्पा, प्यूठान, कैलालीलगायत जिल्लामा जाने गरेको जनाउँदै वलीले मल विशेष गरी सल्यानको कोटमौलामा सुन्तलाखेतीका लागि जाने गरेको बताए । "जिल्लामा पनि यसको माग बढेको छ, तर पुर्‍याउन सकिरहेको छैन ।"-उनले भने । उनका अनुसार अहिले दुई जना स्थानीयले नियमित रोजगारी पाएका छन् भने खेतीको याममा २५ जनासममले रोजगारीको अवसर पाउने गरेका छन् । सबै खर्च कटाएर गड्यौला र मल बिक्रीबाट वार्षिक रूपमा रु १८-रु १९ लाखसम्म बचत हुने गरेको किसान वलीले जानकारी दिए। मागअनुसारको मल उत्पादन गर्न नसकिएको भन्दै उनले गड्यौलाको मल उत्पादनका लागि चार वटा टहरासमेत निर्माण गरेको जनाए।

अर्गानिक कृषिजन्य वस्तु उत्पादन हुने गाउँ भएकाले भट्टेका किसानले खेतबारीमा गड्यौलाले मल प्रयोग गर्दै आएका छन् । उनका अनुसार सुन्तला, ड्रागन फलको खेती गर्ने किसानबाट गड्यौलाको मलको बढी माग हुँदै आएको भए पनि सबैलाई पुर्‍याउन सकिएको छैन । उनले हाल सल्यानको कोटमौला क्षेत्रमा मल बिक्री गर्दै आएका छन् ।

सरकारी सेवाबाट अवकाश भएपछि नागरिकलाई विषादीमुक्त तरकारी तथा फलफूल खुवाउने उद्देश्यले आफू गड्यौलापालन गरी मल उत्पादनमा सक्रिय भएको वलीले बताए । उनले भने-"गड्यौलाको मल प्रयोग गरी अर्गानिक खेती गरिरहेको छु । अहिले मौसमी र बेमौसमी अर्गानिक तरकारीखेतीबाट पनि आम्दानी गरिरहेको छु ।"

भट्टे गाउँमा अहिले अन्य ३० जना बढी किसानले गड्यौलाको मल उत्पादन सुरु गरेका कृषि ज्ञान केन्द्र घोराहीले जनाएको छ । ठूलो मात्रामा भने वलीले मात्रै उत्पादन गर्दै आएका छन् । वली अहिले विभिन्न ठाउँमा पुगेर किसानलाई गड्यौला तथा गड्यौलाले मलका फाइदाका बारेमा तालिम तथा प्रशिक्षण दिँदै आएको तुलसीपुर-३ का वडाध्यक्ष वीरबहादुर विश्वकर्माले उल्लेख गरे ।

यसपटक उनलाई कृषि ज्ञानकेन्द्रले उत्कृष्ट किसान पुरस्कार-२०८२ बाट पुरस्कृत तथा सम्मानसमेत गरेको छ। भट्टेगाउँ तरकारीखेतीका लागि पकेट क्षेत्रका रूपमा मानिन्छ। यहाँका अधिकांश किसानले तरकारीखेती, तोरीखेती, बाख्रापालन तथा भैँसीपालन गरेर आर्थिक रूपमा आत्मनिभृर बन्दै आएका छन् । यहाँ सिँचाइको सुविधा पनि पुगेको छ ।

तुलसीपुर-३ का वडाध्यक्ष विश्वकर्माले भट्टेलाई अर्गानिक उत्पादन हुने गाउँका रूपमा विकास गर्न आफूले पहल गरिरहेको बताए । उनले यहाँ सडक, सिँचाइका पूर्वाधार विस्तार हुनुका साथै कृषिजन्य वस्तुको उत्पादनका लागि विभिन्न सामग्री वडाबाट वितरण गरिँदै आइएको जानकारी दिए ।

# पर्यटकको आकर्षक गन्तव्य बन्दै खाँचीकोट हिल स्टेसन



अर्घाखाँची । जिल्लाको सन्धिखर्क नगरपालिका-७ मा खाँचीकोटमा रहेको खाँचीकोट हिल स्टेसन पछिल्ला केही वर्षयता आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य केन्द्र बन्दै गएको छ । यहाँबाट अन्नपूर्ण हिमशृङ्ग ला, धौलागिरि, माछापुच्छ्रेलगायत हिमालका साथै आसपासका गाउँ तथा खोँचका मनोरम दृश्य अवलोकन गर्न सकिने भएकाले पर्यटकको आकर्षण बढ्न थालेको हो ।

खाँची हिल स्टेसनमा पुग्ने पर्यटकलाई लक्षित गरी खानेपानीको ट्याङ्की निर्माणका लागि पानी बोक्न खच्चरको प्रयोग गरिएको छ । हिल स्टेसनमा पर्याप्त पानी नभएपछि खानेपानीको ट्याङ्की निर्माणका लागि खच्चरलाई पानी बोकाएर काम सुरु गरिएको छ।

पञ्चासेमा मुल रहेको खानेपानी हिल स्टेसनसम्म पुर्‍याउन लुम्बिनी प्रदेश सरकारले विनियोजन गरेको रु २० लाख बजेटबाट लिफ्टिङ विधिबाट आयोजना सञ्चालन गरिएको सन्धिखर्क-७ का वडाध्यक्ष चुराबहादुर केसीले बताए । उनका अनुसार मोटरबाटो नपुगेको स्थानमा खानेपानी ट्याङ्की निर्माण गर्न दैनिक सात वटा खच्चरले पानी बोकेर कामलाई तीव्रता दिइएको छ।

डोल्पाबाट हिँडेका सात वटा खच्चर जाजरकोट, रुकुम पश्चिम, रोल्पा, प्यूठान हुँदै अर्घाखाँचीको हिल स्टेसनमा आउन १५ दिन लागेको वडाध्यक्ष केसीले जानकारी दिए । "पञ्चासे मुलबाट ट्याङ्की निर्माण हुन लागेको छोर्लेकमा सात वटा खच्चरले दैनिक पाँच पटक पानी लैजान्छन् । एउटा खच्चरले एकपटकमा ७० लिटर पानी बोक्न सक्छ ।"-उनले भने ।

प्रतिखच्चर दैनिक रु पाँच हजार दिने गरिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष डुकबहादुर खत्रीले जानकारी दिए । "यसरी पानी बोकाउँदा करिब एक लिटरको रु १० पर्ने गरेको छ ।"-उनले भने ।

खाँचीकोट क्षेत्र पुरानो ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको स्थानका रूपमा परिचित छ । हिल स्टेसनसम्म पुग्ने पूर्वाधारसहित अन्य सुविधाको पहुँच सहज बन्दै गएको यो क्षेत्र अर्घाखाँचीको नयाँ पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको वडाध्यक्ष केसीले बताए । हिल स्टेसनमार्फत् जिल्लाको पर्यटन प्रवर्द्धन हुने उनले विश्वास व्यक्त गरे ।

सन्धिखर्क नगरपालिका, लुम्बिनी प्रदेश सरकार र पर्यटनसँग सम्बन्धित निकायले खाँचीकोटलाई व्यवस्थित बनाउन र विकास गर्न योजनाबद्ध रूपमा काम गरिरहेका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । पर्यटन विकाससँगै रोजगारी वृद्धि र स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष लाभ पुग्ने विश्वास नगरपालिकाले लिएको उनको भनाइ छ ।

सुपा देउरालीमा आएका पर्यटकलाई लक्षित गरेर विभिन्न संरचना निर्माण भइरहेको नगरप्रमुख श्रेष्ठले जानकारी दिए । प्राकृतिक सुन्दरता, भौगोलिक विविधता र सांस्कृतिक सम्पदा एकै ठाउँमा समेटिएको खाँचीकोट आगामी दिनमा अर्घाखाँचीको पहिचानका साथै पर्यटन प्रवर्द्धनको मेरुदण्ड बन्ने उनले विश्वास व्यक्त गरे ।

## आठौँ बागलुङ महोत्सव सुरु

गलकोट (बागलुङ) । आठौँ बागलुङ महोत्सव शुक्रबारदेखि सुरु भएको छ । बागलुङ नगरपालिका-१ रामरेखास्थित बाङ्गेचौर खेल मैदानमा झाँकी तथा बाजागाजासहित नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले महोत्सव उद्घाटन गरेका हुन् ।

'पर्यटन, कृषि, कला, संस्कृति, उद्योग र व्यापार, समृद्ध बागलुङ निर्माणको आधार' भन्ने नारासहित गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि औद्योगिक व्यापार मेला तथा बागलुङ महोत्सव आयोजना गरिएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले बताए ।

पर्यटन प्रवर्द्धन, जिल्लाको विकासमा महोत्सवले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । महोत्सवमा करिब १० लाखले अवलोकन गर्ने र रु १० करोडभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको छ । महोत्सव यही पुस २१ गतेसम्म सञ्चालन हुनेछ ।

**पर्यटन** ...

उनले छिमेकी मुलुक भारतका धेरै पर्यटक यहाँ आउने भएकाले पनि अन्य देशहरुका पर्यटकलाई उनीहरुलाई सम्मान गर्न आग्रह गरे । पर्यटन व्यवसायी सिपी शर्माले पर्यटक टिकाउन किन सकेनौं त ? भन्ने विषयमा सरकारले मात्रै होइन अब निजी क्षेत्रले पनि ध्यान दिनुपर्ने बताए ।

'लुम्बिनीमा रहेका गुम्बाहरुमा विभिन्न देशबाट आउने पर्यटकहरु राखिएकाले बाहिरी क्षेत्र चलायमान भएन, बृहत् लुम्बिनीको विकास योजना नभएकैले बढी समस्या भयो, भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको साढे ३ वर्षमा किन संचालनमा आएन र ब्यूरोक्रेटले भारतसँग कुरा नजानेकै कारण समस्या परेको हो,' उनले भने-'सीमा क्षेत्रमा पर्यटकले पाउने समस्या निकै धेरै भए, भन्सारमा उस्तै समस्या छ, सुरक्षाको क्षेत्रमा उस्तै समस्या छ । विज्ञहरु मन्त्री नहुँदा पनि समस्या भइरहेको छ, सरकारी क्षेत्रलाई सुधार्न दबाद दिँदै निजी क्षेत्रले पनि हातेमालो गरौं ।'

पर्यटन व्यवसायी तथा मणिमुकुन्द सेन उद्यानका अध्यक्ष माधव नेपालले बन ऐन र पर्यटन ऐन संशोधन नभएसम्म पर्यटन क्षेत्रमा कुनै सुधार नआउने तर्क गर्दै यो क्षेत्रका विषयमा बढी हल्ला र काम कमी भएकाले चाहेजस्तो नजिता नआएको बताए।

'सधै चर्चामात्र भयो अब एक्सनमा जाऔं, बन ऐन र पर्यटन ऐन संशोधन नभएसम्म अहिलेको अवस्था चलायमान हुनसक्दैन, एउटा प्रोजेक्ट चलाउन १० वर्ष अड्काउने शैलीले काम रोकिएका छन्, सरकारी निकायबाटै एकले अर्को कानुन बाझिदा समस्या भयो,' उनले भने-'पार्क र फूलबारी सबैलाई चाहियो तर त्यो बनाउने नीति नै भएन । भएका सम्पदामा कति काम भयो र भएका संरचनाबाटै काम नभएकाले समस्या छ ।'

उनले पर्यटन क्षेत्रलाई राज्यले हेर्ने दृष्टिकोण भएको बताए । 'दृष्टिकोणमै सुधार भएन, कुरामा मात्रै सीमित भयो, नीतिसहितको लगानी आउनपर्यो । सबै होटलमा अरबौं लगानी छ, तर भविश्य अन्यौल भयो । भारतीय पर्यटकलाई ठाउँठाउँमा दिइने दुःखले नकारात्मक । अब युपिबिहार लक्षित कार्यक्रम गरौं, पर्यटक आएन पनि भन्नुहुन्छ होटलमा त लगानी बढेको बढ्यै छ भन्ने प्रश्न छ यो बाध्यता हो ।'

होटल व्यवसायी संघ रुपन्देहीका अध्यक्ष माधव खनालले पर्यटनमैत्री वातावरण र लगानीमैत्री वातावरण नभएकाले पर्यटन क्षेत्र अस्थिर भएको बताउँदै यसको लागि राजनीतिक स्थायित्व आवश्यक पर्ने जनाए । कार्यक्रममा पत्रकार सुदिप भण्डारीले विमानस्थल चलाउन सरकारसँगै निजी क्षेत्र पनि चुकेको बताए । पत्रकार शरण कर्मचार्यले धार्मिक पर्यटनको मात्रै योजना बनाएको बताउँदै सरकारले यो पर्यटन शिर्षकको दुरुपयोग भएको बताए। 'मास्टर प्लानसहितको योजना चाहियो। किन योजना बनेन र होटल व्यवसायी संस्थाहरु दल विशेषका भए व्यवसायिक हितका लागि भएनन्, रक्सी र मासु नबेची पनि व्यवसाय चलाउने योजना बनाऔं । निजी क्षेत्रले पनि पर्यटनमैत्री नीति बनाउने योजनासहितको लगानी गरौं ।'-उनले भने ।

अध्यापक डा.बाबुराम ज्ञवालीले उद्योगको हिसाबले पर्यटन क्षेत्रमा काम नभएको बताए । 'प्राथमिकता के हो र तिर्थाटनको योजना बनाऔं । पहिले नेपाली नेपालभित्र घुमौं अनि बाहिरी पर्यटक ल्याउने योजना बनाऔं ।'-उनले भने । हिलपार्क परिषदका अध्यक्ष टंकप्रसाद पराजुलीले बुटवलको जितगढी युद्ध संग्रहालय बनाउन ७ करोड लगानीमा भए पनि अहिलेसम्म प्रयोगमा नआएको बताए। यातायात व्यवसायी नारायण घिमिरेले प्रदर्शनी विधागतरुपमा नियमित बनाउनुपर्ने सुझाव राख्दै आफूले के गर्ने प्रतिबद्धता गर्न सबैलाई आग्रह गरे ।

नेपाल उद्यान महासंघका अध्यक्ष खेम लुइँटेलले पर्यटक लक्षित उद्यान नभएकाले समस्या भएको बताउँदै धेरै कंक्रिट संरचनाहरुले विदेशी पर्यटकलाई तान्न नसकेको बताए । 'सबै क्षेत्रमा यसको योजना बनाम्, ऐतिहासिक क्षेत्र, बन क्षेत्रलाई उद्यानमा बनाम् । प्रकृतिसँग रमाउन आउनेगरी ध्यानाकर्षण होस् धार्मिक पर्यटकले मात्रै सधै थेग्न सक्दैन र स्थायी पनि हुँदैन ।'-उनले भने ।

नेपाल ज्योतिष परिषद्का केन्द्रीय उपाध्यक्ष सुन्दर भण्डारीले धार्मिक पर्यटनमा ध्यान दिन आग्रह गर्दै धेरै मठमन्दिर अस्तव्यस्त भएकोले अब ती संरचनाहरु चलायमान बनाउन निजी क्षेत्रले पनि योजना बनाउनुपर्ने र धार्मिक क्षेत्र प्रवर्द्धन गरेर सम्पदाको पहिचान बनाउन आग्रह गरे । होटल व्यवसायी महासंघका निवर्तमान अध्यक्ष हिराध्वज शाहले पर्यटन नीतिमै समस्या रहेकाले सहभागितामा मेरो हो भन्ने गराउन र नीतिमा सानाठूला होटल चलाउने विषय नै उपयुक्त नरहेकाले सच्चाउनुपर्ने सुझाव दिए । पाणिनि उद्यान जितगढीका अध्यक्ष ऋषि आजादले एउटा भ्यू प्वाइन्ट बनाउन ६ वर्ष लागेकाले वन ऐन र पर्यटन ऐनबाटै समस्या भएकोले यसलाई सुधार्न ढिलाई गर्न नहुने बताए ।

पर्यटन क्षेत्रमा अध्ययनरत विद्यार्थी सुदिप पाण्डेले हिजोको कमजोरी भनेर अब हुँदैन नयाँ पिँढीलाई अपनत्व हुनेगरी योजना दिनुपर्ने जनाए । एक्सीस कलेजका अध्यापक आशिष गौतमले बीएचएम सकेपछि जनशक्तिको खपत ग्यारेन्टी नभएकाले सरकार र निजी क्षेत्रले यसमा ध्यान दिनुपर्ने बताउँदै यहाँ पढेर सबै बाहिर पठाउनुपर्ने बाध्यता हटाउन सुझाव दिए ।

कार्यक्रममा टिप्पणीकर्ता पर्यटन क्षेत्रका अध्येता युवराज कंडेलले शुक्रबारको पर्यटन बहसमा फरक-फरक अनुहार आएकाले केही नयाँ विषयले प्रवेश गर्नुका साथै योजना बनेको बताए । 'नीतिको कमी र बजेटको समस्या भयो, टक्सेरा पुगेका यात्रु धेरै दिन बस्छन् भन्ने बुझ्नुपर्यो । तालिमका बसेका जनशक्ति प्रयोग भएनन् । वनमा पर्यटन क्षेत्र समेट्नेगरी ऐन आउनुपर्ने थियो,' उनले भने-'आन्तरिक पर्यटक बढाऔं, पहिलो प्राथमिकता आन्तरिक पर्यटनमा ध्यान दिऔं । स्थानीय पाठ्यक्रममै पर्यटनका क्षेत्रलाई राख्नुपर्ने, सांस्कृतिक विविधता दिनुपर्छ, भारतसँग साझेदारी गरेर जाऔं अतिवाद छोडौं । खानाका स्वादमा मौलिकतापन राखम् । बौद्ध शिक्षा, सम्पदा क्षेत्रलाई ध्यान दिऔं ।' लुम्बिनी बौद्ध विश्वविद्यालयका व्यवस्थापन विभाग प्रमुख डा.श्रीप्रसाद भट्टराईले नीति बनाउने निकायलाई यस्ता कार्यक्रममा सहभागी बनाउनुपर्ने बताउँदै विश्वविद्यालयमा विद्यागत छलफल गराउने योजना बनाउनुपर्ने जानकारी दिए । 'आफूमा समस्या छैन भन्दै अरुलाई देखाउने र पर्यटन क्षेत्रका विद्यार्थीलाई कसरी टिकाउने र व्यवहारिक शिक्षा कसरी दिने योजनामा छौं । सकारात्मक सन्देश दिने विषय उठाऔं ।'- उनले भने ।

पत्रकार महासंघ अध्यक्ष दिनेश पाण्डेले लुम्बिनी विकासको बाधक त्यहीको कोष भएको बताउँदै निजी क्षेत्रले पनि त्यसको वातावरण बनाउन नसकेको जनाए । संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा गोष्ठी तथा सेमीनार उप-समिति संयोजक डिल्लीनारायण पाण्डेले स्वागत गरेका थिए भने विक्रम खड्काले सञ्चालन गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि संघका पूर्वअध्यक्ष तेजकुमार पाठकले संघले औद्योगिक प्रदर्शनीसँगै पर्यटन, कृषि र प्रविधिलाई प्राथमिकताका साथ अघि बढाएको जनाए ।

**रूपन्देहीबाट** ...

यस अवधिमा रुपन्देहीका विभिन्न क्षेत्रका २६ जनाको उद्दार गरिएको छ। जसमा सिद्धार्थनगर नगरपालिकाका १ जना, तिलोत्तमा नगरपालिकाका १, बुटवल उप-महानगरपालिकाका ३, सैनामैना नगरपालिका २, मर्चवारी गाउँपालिकाको १ जना, सम्मरीमाई गाउँपालिकाकाको १, सियारी गाउँपालिकाको १ जना, रोहिणी गाउँपालिकाको ३, कञ्चन गाउँपालिकाको ३, देवदह नगरपालिकाको ४ जना, मायादेवीका ४ र गैडहवा गाउँपालिकाको २ जनाको उद्दार गरिएको छ ।

यस्तै रुपन्देहीमा विगतको वर्षभन्दा अहिले सीमाबाट उद्धारको घटना कम भएको देखिन्छ । २०७८ सालमा २८५ जनालाई सिमाबाट उद्दार गरिएकोमा २०७९ मा २१७ जना, २०८० मा १६७ , २०८१ मा २२१ र २०८२ को मंसिर सम्ममा ६३ जनालाई उद्दार गरिएको छ ।

उद्धार गरिएको मध्ये यस जिल्ला बाहेकको सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, धादिङ मकवानपुरलगायतका क्षेत्रको र धेरै तमाङ समुदायको रहेको पाइएको छ ।

घटना न्यूनीकरणका लागि सरोकारबाला निकाय र ३ तहको सरकारले गम्भीर रुपमा लाग्न पर्ने, स्थानीय तहमा समिति निर्माण गर्नुपर्ने, जनचेतना अभिवृद्धि, कानुनलाई प्रभावकारी रुपले पालना गर्दै प्रभावकारी अनुगमन हुनुपर्छ ।

## मर्चवारीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खैरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/०९/१२**

यस मर्चवारीमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८२/०८/०९ मा विद्युतीय माध्यमबाट आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम तथा आर्थिक प्रशासन नियमावली २०६४, मर्चवारीमाई गा. पा. सार्वजनिक खरीद नियमावली २०७६ र प्रचलित ऐन नियमानुसार सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | कामको विवरण | आय ठेक्का कबोल गर्ने फर्म/कम्पनीको नाम / ठेगाना | कबोल अंक (with VAT)& Ps | कैफियत |
|---|---|---|---|---|
| Contract No: MRM/ RUP/ SQ/02/ 2082/83 | Patilaha Soman Kewat ko Ghar dekhi Pashichim Ghogi Nala ko Phul Samma ko Sadak ma PCC Dhalan Garne Karya, Ward no 03 | BHU Shankar Construction Pvt. Ltd., Lumbini Cultural Municipality–7, Rupandehi | १०२६०५५.७३ | |
| Contract No : MRM/RUP/ SQ/03/ 2082/83 | Shri Harinampur Mavi Char Kothe Bawan Nirman, Ward no.4 | BHU Shankar Construction Pvt. Ltd. , Lumbini Cultural Municipality–7, Rupandehi | ११९५०६६.७९ | |

प्रमुख प्रशासकय अधिकृत

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८२ पौष १२ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"सिक्ने कुरामा अल्छी मानेको पाए,
जीवन झर्किंदो रहेछ...।"

– शंकर लामिछाने
('जीवनः एक प्राध्यापक'बाट)

संस्मरण

# माओवादी अपहरणमा...

**चक्रव्यूह थापा**

*(दोभान, पाल्पाका चक्रव्यूह थापा २०६२ बैशाखको अन्तिमतिर माओवादी अपहरणमा परे । त्यतिबेला उनी नेकपा (एकताकेन्द्र-मसाल)का जिल्ला स्तरीय कार्यकर्ता थिए। अपहरणको २० वर्षपछि थापाले तत्कालिन घटनालाई संस्मरणात्मक कृति 'माओवादी अपहरणः एक आत्मकथा'मा अभिव्यक्त गरेका छन् । अपहरणका हरेक दिनको दैनिकीको स्वरुपमा लेखिएको थापाको प्रकाशोन्मुख संस्मरणका केही अंश पाहुरका पाठकका लागि प्रकाशित गरिएको छ ।)*




२०६२ जेठ १
पछाडि हात बाँधेर हिडाइयो !

त्यतिबेला म अविवाहित मान्छे। मेरो जीवनमा जिम्मेवारी त धेरै छन्, तर परिवार बनाउन भने बाँकी थियो । बुवा बितेको तीन वर्ष भइसकेको छ, घरमा एक्लो आमा विरामी अवस्थामा हुनुहुन्छ। २०५५ सालदेखि नै म जनमोर्चा, नेपालको पूर्णकालीन कार्यकर्ता भएर राजनीति गर्दै आएको हुँ । प्रायः घरमा बस्ने फुर्सद थिएन, पछिल्ला तीन वर्ष त पार्टी सचिव भएर तानसेनमै बस्दै आएको थिएँ । यो पटक त खासगरी आमालाई भेट्न, उनको स्वास्थ्यबारे केही दिन सँगै बस्न भनेर घर आएको थिएँ । तर भाग्यमा भने अर्कै लेखिएको रहेछ। आमा भेट्न आएको म आफैं माओवादीहरूको अपहरणमा परें ।

हिजो राति अपहरण गरिएर महापुरको गोठमा बाँधेर सुताइएको थियो । बिहान चार बजे मलाई जबरजस्ती उठाइयो। अँध्यारोमै मेरो पछाडिको हात बाँधिएको छ कि छैन भनेर फेरी चेक गरियो । मैले विनम्रतापूर्वक अनुरोध गरें "कृपया मेरो हात पछाडि नबाँधिदिनुस्, धेरै पीडा हुन्छ।" तर ती निर्दयीहरूले कुनै दया देखाएनन्। "कैदीलाई बाँध्नै पर्छ," भनेर कठोर उत्तर दिए।

साथमा अरू पनि थिए । मसँगै दोभान-बगाहाबाट 'ख्वाउटे' भनेर चिनिने एक जना भाइलाई पनि उनीहरूले कब्जामा लिएका थिए। उसले केही वर्ष माओवादीमा हिँडेको तर पछि संगठन छोडेर घरमै बसिरहेको थियो । दुब्लो, पातलो शरीर, गरीब किसान परिवारको छोरालाई समेत उनीहरूले नछोड्दा मलाई लाग्यो "अब त कसैलाई पनि बाकि छोडिँदैन।" मनमा भने एक आस पलायो, यदि मलाई कतै लगेर मारिहाले भने, ख्वाउटे भाइले त कम्तीमा गाउँ पुगेर परिवारलाई खबर गर्ला । तर फेरि सोचें, यदि उसलाई पनि केही गरे भने त... त्यो कल्पनाले नै मेरो मनलाई हल्लाइदियो ।

बिहान मिर्मिरेमा हामी यात्रा सुरु गर्यौं । खुर्सानी, बुढासटक, दोभान-बोटेगाउँ हुँदै झुम्सा पुग्दा सूर्योदय भइसकेको थियो । हाम्रो टोलीको कमाण्डर थिइन्, पवित्रा नामकी महिला । उनको अनुहारमा कठोरता थियो, बोलीमा आदेशमात्र। उनीसँगै दुई जनासँग वीच थियो, अरू चार-पाँच जनासँग थ्री-नट-थ्री राइफल । हातहतियार देख्दा झन् भय थपिन्थ्यो । उज्यालो भएपछि मेरो हात खोलिदिए । शायद उनीहरूलाई जनताको नजरमा अपहरणजस्तो नदेखियोस् भन्ने देखाउनु थियो। तर मनमा अझै डर थियो "खोलिदिए पनि म भाग्ने त कहाँ सक्छु र? वरिपरि हातहतियारसहित लडाकु छन्।"

हामी पानी मिलबाट सत्यवती तालतिर उकालो लाग्यौं । जेठ महिनाको कडा घाम, उकालो बाटो, र शरीरमा बाँधिएको थकान । बिहानदेखि उनीहरूले भात खान दिएनन्। केवल एउटा चाउचाउ, एउटा बिस्कुट र केही मुठी चिउरा दिएर दिनभर हिँडाए। त्यो सानो परिकारले पेट त कहाँ भर्थ्यो र? भोकले भित्रैदेखि पोलिरहेको थियो। पानी पनि सहजै पाइन। उकालो बाटोमा मुख सुक्यो, ओठ फुट्यो, घाँटी पोल्यो। तर पनि मैले मनलाई सम्झाएँ "बाँच्नका लागि त यति धैर्य गर्नै पर्छ।"

साँझतिर उकालो सकेर गोठादी र कोलडाँडाको बीचतिर पर्ने एउटा गाउँमा हामी पुग्यौं। त्यहाँ पुगेर उनीहरूले आफैं खाना पकाए। मलाई पनि सानो भाग खान दिए। भोकले कराएको पेटले त्यो भात स्वर्गसरह लाग्यो । तर खुशी लामो टिकेन । रात पर्दा फेरि मेरो हात पछाडि बाँधियो । यसपटक खुट्टा पनि बाँधिदिए । मसँगै दुईजना माओवादी लडाकु दायाँबायाँ बसे, हातहतियारसहित चौकस । उनीहरूको त्यो सतर्कताले मलाई भनिरह्यो "तिमी अझै पनि कैदी हौ, एउटा कदम चुक्यौ भने जीवन यहीं समाप्त।"

खाट कहाँ थियो र? भुइँमै बोरा ओछ्याएर सुत्न लगाइयो । शरीर थकाइले निस्लोट थियो, तर मनले निदाउनै दिँदैनथ्यो। आँखा बन्द गर्नासाथ विभिन्न आशंकाले घेर्थे "के आज रात मारिन्छु? के परिवारलाई कहिल्यै देख्न पाउनेछु? आमा त सुतिरहनु भएको होला, छोरालाई सम्झिँदै हुनुहुन्छ कि?" थकाइ, भोक र डरको मिश्रणले छटपटाइरहें । बाँधिएका हात खट्किन्थे, खुट्टा दुख्थे। रातको सन्नाटा भयानक लाग्थ्यो । कहिले लाग्थ्यो "अब त निदाउनै सकिन्न।" तर थकानको भारीले कहिले निद्राले जाक्यो पत्तै भएन।

सायद बिहानदेखि खान नपाएको भोक, उकालो बाटोमा शरीरले सहनु परेको यातना, अनि मानसिक त्रासले शरीरलाई यत्तिको थकाइ बनायो कि अन्ततः निद्राले कब्जा जमायो । तर त्यो निद्रा सामान्य निद्रा थिएन। डरले छटपटिएको, हरपल झस्काउने, भोलि के हुन्छ भन्ने प्रश्नले भरिएको निद्रा। निन्द्रामा नै आज घटेका समाचारहरू सम्झिए छु। २०० माओवादी पिडितहरूले आफूलाई आन्तरिक शरणार्थी घोषणा गर्न माग गर्दै काठमाण्डौमा प्रदर्शन। ५० माओवादी र दुई जना सेनाको सिन्धुलीको माडी नजिक जरायोटारमा भिडन्तमा मारिएको सेनाको प्रवक्ता दिपक कुमार गुरुङले जानकारी दिए। राजाको प्रतिगामी कदमको विरोधमा उत्रिएका अनेरास्ववियुका सय कार्यकर्ता काठमाडौंमा प्रहरी नियन्त्रणमा।

जेठ २, २०६२
झण्डै भिरबाट खसियन

आजको दिन पुरै असहज र पीडादायी रह्यो। बिहानदेखि बेलुकीसम्म मलाई एउटा सानो कोठाको कुनामा हातखुट्टा बाँधेर राखियो। वरिपरिको वातावरण एकदमै चुपचाप, तर डरले भरिएको। सुरक्षा गर्न भनेर उनीहरू पालैपालो सेन्ट्री बसिरहेका थिए। मलाई किन यस्तो व्यवहार गरिँदैछ, के दोष लागेको हो, कहाँ पुर्याइँदैछ। सबै कुरा अन्धकारमै थियो। मैले बारम्बार सोध्न खोजेँ तर जवाफ सधैँ एउटै

"माथिको आदेश हो, तलाई जे सोध्ने हो उहाँहरूले नै सोध्नु हुन्छ।" त्यसपछि थप सोध्ने आँट पनि आएन । दिशा पिसाब गर्ने बेला मात्र हात खोलिन्थ्यो। तर त्यो क्षणमा पनि दुई जना छापामार राइफल ताकेर बसेका हुन्थे । त्यस्तो बेला मात्र हात स्वतन्त्र भएपछि कस्तो दिव्य आनन्द हुन्थ्यो। क्षणभरको स्वतन्त्रता नै जस्तो लाग्थ्यो।

दिनभर आकाशमा हेलिकप्टर उडेको आवाज सुनियो । माओवादीहरूले आपसमा खासखुस गर्दै रहे "यही सेरोफेरो सेनाको गस्ती चलेको छ।" त्यो सुन्दा मनमा थोरै आशा जाग्थ्यो, तर तत्कालै निराशा पनि थपिन्थ्यो । साँझ पर्दा मलाई फेरि हात पछाडि बाधिएको छ, छैन चेक गरियो । बत्ती नबालेर उनीहरूले यात्रामा हिँडाए। निष्पट्ट अन्धकार। रुट गाइड बहिनीले बाटो बिराउँदा सबैजना अलमलिएका। जंगलको घना अँध्यारो, हात बाँधिएको शरीर, अनि कठोर बाटो । म पटक-पटक चिप्लिएँ, दुईचोटि त सानो भिरबाट खसेँ पनि। भाग्ने आँट थिएन, बरु भिरबाट खस्ने डरले ज्यानै गुम्छ कि भन्ने भय मात्र थियो।

हात खोलिदिनु भनेर मैले बारम्बार अनुरोध गरेँ । तर कोही पनि सुन्ने मनस्थितिमा थिएनन्। उनीहरूको अनुहारमा दया थिएन, आवाजमा सहानुभूति थिएन। सबैजना ढुङ्गा झैँ कठोर। अपशब्द र तिरस्कार मात्र सुन्न पाइन्थ्यो । राति करिब दुई बजे, चुरेको अग्लो डाँडो–गोठादीको भुटुके भन्ने ठाउँमा पुर्याइएछु । एउटा गोठको माथिल्लो तलामा लगेर मलाई खुट्टा समेत बाँधियो। दायाँ-बायाँ हतियारसहितका छापामारलाई राखेर सुत्न लगाइयो। निद्रा कहाँ पर्छ र? बाँधिएका हात-खुट्टामा पीडा, मनमा आतंक, आशंका, भय–सबै मिसिएर आँधीझैँ खेलिरह्यो।

एउटै प्रश्नले म सताइरहेको थिएँ "मैले के अपराध गरेको छु, किन यस्तो निर्दयी सजाय दिइँदैछ?" राति एकचोटि पिसाब फेर्न हात खोलिदिँदा थोरै सहज महसुस भयो । तर तुरुन्तै फेरि उस्तै हालतमा बाँधिएँ। त्यसपछि थकाइले शरीर हार मान्यो र म कहिले निदाएँ थाहा नै भएन। यद्यपि माओवादी छापामारहरूको एफएम रेडियोमा आज बजेको समाचारहरू मनमा खेलिरहेको थियो । युरोपेली युनियनले ब्रिटिश दूतावासमा राजनैतिक दलहरूसँग भेट्दै राजालाई प्रजातान्त्रिक प्रक्रिया अघि बढाउन र दलहरूसँग सहकार्य गर्न अनुरोध उठाउँदै उदयपुरको लेखगाउँको तापलेमा दोहोरो भिडन्तमा ४३ माओवादीको मृत्यु, १०० घाइते र ८ वटा शव बरामद गरेको सेनाको दाबी, अनेरास्ववियु नेता राजेन्द्र राई र रूपनारायण श्रेष्ठलाई रिहा गर्न पुनरावेदन अदालतको आदेश, शाही भ्रष्टाचार आयोगले भ्रष्टाचार

मुद्दामा शेर बाहादुर देउवा र प्रकाशमान सिंह लगायतका कार्यक्रताहरू गिरफ्तार।

जेठ ३, २०६२
हात खुट्टा बाँधेर गोठमा

आज दिनभरि म उही गोठको माथिल्लो तलामा बाँधिएको अवस्थामा कैदी सरह बसिरहेँ । हात र खुट्टा कस्सिएको डोरीले शरीर दुखाइले कराउँदै थियो, रगत नबगिए पनि नसाहरूमा थिचावटको पीडा असह्य लागिरहेको थियो । मेरो दायाँ-बायाँ दुई जना माओवादी छापामार राइफल बोकेर बसेका थिए । उनीहरूको मौन उपस्थिति नै त्रास सिर्जना गर्न पर्याप्त थियो। खाना त्यहीँ गोठमै ल्याएर बल्ल हात खोलिदिइन्थ्यो, अनि फेरि हात बाँधिन्थ्यो । दिशा-पिसाब गर्ने बेला बाहेक अरु कुनै बेला खुल्न पाउँदिनथैँ। मेरो शरीर थाकेको थियो, तर मन अझ थकित । हरेक क्षण आशंका जागिरहन्थ्यो "आज राति फेरी उस्तै अँध्यारो जंगल हुँदै कष्टपूर्ण यात्रा हुन्छ कि?"

हिजो भोगेको भयानक बाटो अझै शरीरमा चोट-खटिरामै बाँकी थियो । त्यसैले साँझ पर्नासाथ मनमा आतंक झनै बढ्यो । तर आज भने मलाई राति कतै लगिएन। त्यो खुसीको कुरा थियो। यद्यपि, रातभर बाँधिएको शरीर लिएर छटपटिँदै बिताउनु पनि सजिलो थिएन। दिनभरको कैदबीच मेरो दिमाग भूतकालीय स्मृतिको रील बनेर घुमिरह्यो। मलाई पार्टी जीवनका संघर्ष याद आइरहे।

म नेकपा (एकता केन्द्र-मसाल) पार्टीको राप्ती,लुम्बिनी, धौलागिरी ब्यूरो सदस्य थिएँ, साथै जनमोर्चा नेपालको पाल्पा जिल्ला सचिव पनि। ब्यूरोले माओवादीहरूको हिंसात्मक चरित्र र फासिवादी प्रवृत्तिको भण्डाफोर गर्ने अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो।

त्यसको तयारी र स्मृतिहरू मेरो मनमा गुञ्जिन थाले।

एकपटक बाग्लुङमा नेता परि थापाकी श्रीमती रुपा थापालाई माओवादीहरूले बर्बर ढंगले कुटपिट गरेका थिए। त्यसको विरोधस्वरूप हामीले ठूलो भण्डाफोर अभियान तय गरेका थियौँ। त्यसपछि दैलेखमा महासचिव नवराज सुवेदीकै नेतृत्वमा गएको अर्को अभियानलाई समेत माओवादीहरूले शारीरिक आक्रमण गरी नेताहरूको टाउकोमै चोट पुर्याएका थिए । मैले पाल्पा जिल्लामा त्यस अभियानको नेतृत्व गर्दै गाउँ-गाउँमा कार्यक्रम चलाएको थिएँ । सम्भवतः आज मेरो यो अपहरण, त्यसै भण्डाफोर अभियानप्रति उनीहरूको प्रतिशोध थियो । मनमा प्रश्न जागिरह्यो–"के केवल सत्य बोल्ने र भण्डाफोर गर्ने कारणले मात्र म यत्रो पीडामा परेको हुँ?" माओवादीहरूको अनुहारमा मैले देख्ने स्वभाव एउटै थियो। कठोर सैनिक अनुशासन, असहिष्णुता र हिंसात्मक गर्व। मलाई लाग्थ्यो, उनीहरू भित्रैदेखि राजनीतिक कार्यकर्ताभन्दा बढी सैनिक-फासीवादीमा परिणत हुँदैछन्।

रात ढल्किँदै गयो। मलाई नत हात खोलियो नत खुट्टा। तर आजको राति कम्तीमा अँध्यारो जंगलको यात्रा त भएन। त्यसैले भित्रभित्रै केही हल्का सास फेरें। तर दायाँ-बायाँ राइफल बोकेका छापामारहरूको मौन उपस्थितिमा, बाँधिएको शरीरका पीडा र अनन्त प्रश्नहरूको आँधीभित्र, म छटपटिरहेँ–डर, भय, आतंक र आशंकाको असीमित जेलभित्र। तैपनि मैले माओवादी छापामारहरूको एफएम रेडियोबाट आजको समाचारहरू सुनेको थिएँ । उदयपुरको चिसापानी क्षेत्रमा ११ माओवादी मारिएका, ३०० राइफल, ४० बुलेट, ५ डेटोनेटर र २ ग्रिनेड कब्जामा लिएको सेनाको दाबी। पाल्पाको नेपाल टेलिभिजनको टावर माथि माओवादी छापामारहरूको आक्रमण, ३५ लाखको क्षति।

जेठ ४, २०६२
आरोप र यातनाको क्षण

आज बिहानै मलाई बाँसघारीको नजिक लगियो । म अझै पनि रातभरको छटपटाहटले थाकेको थिएँ । हिजोको कैदी जीवनले मेरो शरीर मात्र होइन, मनलाई पनि झनै अशक्त बनाएको थियो। हात-खुट्टा डोरीले बाँधिएका घाउ अझै दुखाइरहेका थिए । बिहानै हावा शीतल लागे पनि, मेरो मनमा भने कुनै शान्ति थिएन । त्यहाँ पुगेपछि मैले पहिलोपटक माओवादीहरूको उच्च तहको नेतृत्वलाई देखेँ। उनी थिए एसटीएफ बटालियन कमाण्डर चन्द्र बहादुर थापा "सागर"। पछि उनी गुल्मीबाट संविधानसभा सदस्यसम्म भए भन्ने कुरा म थाहा पाउँछु, तर त्यो क्षणमा उनी मलाई मात्र एउटा कठोर अनुहार, निर्दयी आदेश दिनसक्ने, जीवन-मरणको खेलाउने शक्ति भएका व्यक्ति जस्तो लागे । सागरकै अगाडि मलाई उभ्याइयो। दायाँ-बायाँ बाँसको लाठो बोकेका दुई जना माओवादी छापामार उभिएका थिए। उनीहरूका आँखा पनि कठोर, निस्पन्द। मानौँ म कुनै मान्छे नभई एउटा अपराधी, जसलाई सजाय दिन मात्र बाँकी छ।

आरोपहरूको वर्षा गरियो । कमाण्डर सागरले मलाई 'त' भनेर सम्बोधन गर्न थाले। त्यो संबोधनमा कतै पनि मानवता थिएन। उनको बोली अपमान, आक्रोश र तिरस्कारले भरिएको थियो। "तँ त संसारकै नजरमा माओवादीको प्रवक्ता रे ! सेनाले समाते पनि बाँचेछस् । तर हाम्रो हातमा परेर त तँ अब कसरी बाँच्छस् हेरौं..." उनले प्रयोग गरेका शब्दहरू यस्तो प्रकारका थिए, जसलाई कुनै सभ्य मानवले सामान्य अवस्थामा कहिल्यै प्रयोग गर्दैन । अपशब्दहरूको वर्षा भयो । मेरो आत्मसम्मानलाई चिरचिरो बनाउन खोजिएको थियो।

ममाथि लगाइएका आरोपहरू पनि असाध्यै अचम्मका र आधारहीन थिए। मैले माओवादीको भण्डाफोर अभियानको नेतृत्व गरेको। मैले पुरन केसीकी बहिनी सृष्टि (हामी सुमी भन्थ्यौं) लाई नेपाली सेनासँग विवाह गरिदिएको। मैले सेनाको सिआइडी भएर माओवादी कार्यकर्ताहरूलाई पक्राउ गराउन सहयोग गरेको। मैले कतिपय कार्यकर्ताहरूलाई पलायन गराउन भूमिका खेलेको । यी सबै आरोपहरू सुन्दा मेरो दिमागमा मानौँ आकाशै खस्छ झैँ भयो। म सोच्न थालेँ–"यो कसरी सम्भव? के उनीहरूलाई वास्तविकता थाहा छैन, वा उनीहरूलाई केवल प्रतिशोधको लागि दोषी चाहिएको हो?" मेरै मुखबाट शब्द निस्कियो–"यी सबै आरोप झुटा र मित्थ्या हुन्।" तर मेरो बचाउका कुरा सुन्ने मुटु भएका मानिसहरू त्यहाँ थिएनन्। उनीहरूको कानमा मेरो सत्य गुञ्जिन सक्ने ठाउँ थिएन।

धम्की र डरको खेल सुरु गरियो। मैले आरोप स्वीकार नगर्दा, उनीहरूले फेरि धम्की दिए "यदि आरोप स्वीकार्दैनस् भने यतै सुट हान्छौं।" र फेरि अपशब्दको झरी सुरु भयो । संसारमा सभ्यताले बनाएका सबै शब्दहरू भन्दा बाहिरका गाली र तिरस्कारको बाण ममाथि प्रहार गरियो । त्यसपछि निर्णय भयो–मलाई यातना दिइनेछ । यातना, ताकि म कमजोर बन्छु। म गल्छु। अनि उनीहरूले आरोपहरू सजिलै मबाट स्वीकार गराउँछन्।

बाँसघारीको यातना । दुई जना युवा छापामारहरूले मलाई बाँसघारीको झ्याङ्ग नजिकै लगे। मलाई उभ्याइयो। अचानक, उनीहरूले लाठोले मेरो साप्रा र तिघ्रामा प्रहार गर्न थाले । प्रहारको बलले म उभिरहनै सकिनँ । म ढलेँ । ढलेपछि मलाई घोप्टो पारियो।त्यसपछि लाठोको प्रहार झनै तीव्र भयो । मेरो पाउ, पिठ्यु, तिघ्रा, पिंडुलामा गहुँ-मसुरो ठटाएझैँ मारिँदै गयो । मलाई लाग्थ्यो, हरेक प्रहारसँगै मेरा मासुका टुक्रा छुट्टिँदैछन्। म बारम्बार चिच्याएँ, कराएँ, अनुनय गरेँ। तर मेरो आवाज सुन्ने मान्छे कोही थिएन। त्यो आवाजले उनीहरूको कानमा कुनै असर गर्दैनथ्यो । उनीहरू त 'क्रान्तिकारी कर्तव्य'को नाममा निर्दयी भएका थिए। म सोचिरहेँ–युद्धले मान्छेका मनहरू कति कठोर बनाउँछ ! आज उनीहरू मेरो पीडामा रमाइरहेका छन्। भोलि सायद उनीहरू पनि अर्को हिंसाको चपेटा पर्नेछन्।

मनको संघर्ष। यातनाले मेरो शरीर कमजोर हुँदै गयो। कम्मरदेखि तलको भाग मरेझैँ लाग्न थाल्यो। पीडाले गर्दा शरीरले सन्देश दिमागमा पुऱ्याउनै सकेन कि, दिमागले ती सन्देश ग्रहण गर्न छाड्यो। मलाई थाहा भएन। त्यो बेला मेरो एक मात्र सहारा थियो। मनको दृढ संकल्प। मैले मनमनै दोहोर्याइरहेँ "म गलत आरोप कहिल्यै स्वीकार्दिनँ । सत्यमा अडिन्छु।" यस्तो लाग्थ्यो, सत्यलाई स्थापित गर्न कहिलेकाहीँ केवल यातना मात्र होइन, मृत्युसम्म स्वीकार्नुपर्ने हुन्छ । म विपश्यना गर्ने प्रयासमा थिएँ। शरीरको पीडाबाट मनलाई अलग्याउने प्रयास गरेँ। तर त्यो प्रायः असम्भव लाग्यो। त्यो क्षणमा मेरो सोच भारतका कम्युनिस्ट आन्दोलनहरूतर्फ गयो । माओवादीहरूले आदर्श मानेका–एमसीसी र पीडब्लुजी जस्ता आन्दोलनहरूको सम्झना आयो । उनीहरू पनि आफ्नै विचारका नाममा हजारौं निर्दोष जनताको रगत बगाइरहेका थिए। एक-आपसमा लडेर मरिरहेका थिए।आज म आफैं त्यही इतिहासको एउटा पानामा कुदाइँदै थिएँ।

'सत्य' विरुद्धको युद्ध। यातनाको बीचमै रुपन्देहीका मधेसी मूलका एक नेताले फेरि दबाब दिए "आरोप मान्नुपर्छ। स्वीकार गर।" म थकित थिएँ। तर म अझै अडिग थिएँ। मेरो ओठबाट फेरि निस्कियो "यी आरोपहरू झुटा हुन्।" उनीहरू झनै क्रुद्ध भए। तर शायद प्रहार गरेर थाकिसके।

वा उनीहरूको मनमा क्षणभर दया पलायो। जुनसुकै कारणले भए पनि, अन्ततः प्रहार रोकियो । मलाई त्यही घोप्टो अवस्थामा केही बेर छोडियो । मलाई लाग्यो–म मरेँ कि बाँचिरहेँ, भन्ने थाहा नपाउने अवस्थामा पुगेको छु।

सायद उनीहरूका लागि म "टुटाउन नसकिएको कैदी" थिएँ । यातनापछि मलाई गोठमै ल्याइयो। आजको दिनभरि म त्यस्तै अवस्थामा सुतेँ। खाना कहिले खाएँ, कसरी खाएँ, मलाई थाहा नै भएन। तर आज पहिलोपटक मेरो हात, खुट्टा बाँधिएन। सायद उनीहरूले सोचिहाले "यो मान्छे पीडाले नै टुटिसकेको छ।" तर मेरो भित्री आत्मा अझै टुटेको थिएन। आजको दिनले मलाई दुई कुरा सिकायो। पहिलो, युद्ध निर्दयी हुन्छ। यसले मान्छेभित्रको मानवता हराउँछ। विरोधीलाई केवल शत्रु ठान्छ, सत्य र असत्यको छुट्याउने क्षमता गुमाउँछ। र दोस्रो सत्यको मार्ग पीडादायी हुन्छ। तर पीडामै सत्यलाई अडान दिने संकल्पले मनलाई अझै मजबुत बनाउँछ।

म साँझतिर सोच्न थालेँ "सत्य स्वीकृत नभए पनि, म सत्यमै मर्न तयार छु। मिथ्या आरोप कहिल्यै स्वीकार्दिनँ।" म अझै बाँचिरहेको छु। तर भोलि के हुन्छ। मलाई थाहा छैन। आज समाचार सुनेँ, एमाले नेता वामदेव गौतम, मेला नेता अशोक कोइराला, आमोदप्रसाद उपाध्यायलाई रिहा गर्न सर्वोच्च अदालतको सरकारलाई निर्देशन।